नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**(वातावरण व्यवस्थापन शाखा)**

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००३३६
web page: www.mofald.gov
सिंहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७४/७५
च.नः १०१

मितिः२०७४/१०/२

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै)
श्री महा/उपमहा/नगरपालिका कार्यालय (सबै)
श्री गाउँपालिका कार्यालय (सबै)

विषयः अनुगमन प्रतिवेदन तथा विवरण उपलब्ध गराउने सम्बन्धमा ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को प्रावधान बमोजिम **ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुंगा, तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्र** भित्र रहेको छ । सोहि ऐनको दफा ६४ (१) (च) बमोजिम प्राकृतिक श्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र नगरपालिका तथा गाउँपालिकाले संकलन गर्ने व्यवस्था रहेको साथै ऐनको दफा ११ (२) घ. (६) मा **ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुंगा आदि प्राकृतिक तथा खानीजन्य वस्तुको बिक्रि तथा निकासी शुल्क दस्तुर संकलन** गर्ने अधिकार गाउँपालिका र नगरपालिकामा छ । साथै ऐ. ऐनको दफा १२० बमोजिम **"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम हुनेछ"** भन्ने प्रावधान उल्लिखित छ ।

प्रस्तुत सन्दर्भमा, नदिजन्य पदार्थको उत्खनन् संकलन तथा बिक्रि वितरण सम्बन्धमा आवश्यक कानूनको तर्जुमा गर्ने, ठेक्का बन्दोबस्त गर्ने, उत्खनन् को क्रममा तोकिए भन्दा बढी परिमाण उत्खनन् हुन नदिन अनुगमन कार्यदल बनाई अनुगमन गर्ने र यस्ता कार्यहरुको अभिलेख दुरुस्त राख्ने जिम्मेवारी स्थानीय सरकारको हो । दुई वा दुई भन्दा बढी स्थानीय तहले समन्वय गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने अवस्थामा संयुक्त समिति बनाई ठेक्का बन्दोबस्त तथा दोहोरोपन नहुने गरी राजस्व संकलन र अनुगमन गर्नुपर्ने सन्दर्भमा आगामी दिनमा ध्यान दिन आवश्यक छ । यी सबै कार्यलाई विधिमा आधारित बनाउने जिम्मेवारी समेत स्थानीय तहमा छ । स्थानीय स्तरमा दर्ता भै संचालन हुने खानीजन्य उद्योगहरुको अनुमति दिने, नवीकरण तथा नियमन गर्नुका साथै वातावरणीय हिसाबले क्षति हुन नदिन आवश्यक व्यवस्थासमेत खानी विभागको समन्वयमा स्थानीय तहबाट मिलाउन पर्ने हुन्छ । सो कार्यलाई आवश्यक समन्वय एवं सहजीकरण गर्न यस मन्त्रालयबाट अर्थ मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय र उद्योग मन्त्रालयको परामर्शमा नदि तथा खानीजन्य पदार्थको उत्खनन् तथा बिक्रि वितरण सम्बन्धि कार्यविधि २०७४ स्वीकृत हुने प्रक्रियामा रहेको छ ।

नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**(वातावरण व्यवस्थापन शाखा)**

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००३३६
web page: www.mofald.gov
सिहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७४/७५
च.नः

मितिः२०७४/१०/२

यसै सन्दर्भमा ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुंगा, तथा स्लेटजस्ता श्रोतहरुको उत्खनन् तथा बिक्रि वितरण कार्य र क्रसर तथा खानीजन्य उद्योगहरुको संचालन मापदण्ड बमोजिम बनाउनको निम्ति सम्बन्धित जिल्ला समन्वय समितिको संयोजकत्व तथा स्थानीय तह संलग्न भै अनुगमन गरी **प्रतिवेदन उपलब्ध गराउनुका साथै** अभिलेख व्यवस्थापन र कानूनी तथा नीतिगत सहजीकरणका लागि हाल संचालनमा भएका यस्ता उद्योगको अवस्था र ठेक्का बन्दोवस्त सम्बन्धि विवरण आवश्यक भएकाले **संलग्न ढाँचा बमोजिमको विवरण सम्बन्धित जिल्ला समन्वय समितिमार्फत** ७ दिन भित्र यस मन्त्रालयमा उपलब्ध गराउनु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७४/१०/२ को निर्णयानुसार अनुरोध गरिन्छ ।

(समिला भण्डारी)
शाखा अधिकृत

**बोधार्थ:**
श्री सूचना तथा विद्युतीय शासन शाखा, : वेबसाइटमा upload गर्नु हुन ।
सं.मा.तथा स्था.वि.म

तालिका १: हाल संचालनमा रहेका उद्योगको बिवरण तथा राजस्व

| क्र.सं. | स्थानीय तहको नाम | क्रसर | फिरफिरे (बालुवा धुने उद्योग) | साधारण निर्माण मुखी खानी | ढुगा गिट्टी बालुवा संग सम्बन्धित अन्य उद्योग | ढुंगा गिट्टी बालुवाबाट संकलित राजस्व | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ठेक्का बन्दोबस्त गर्ने निकाय (जिसस/स्थानीय तह) | रकम | |
| | | | | | | | | |

तालिका २ : राजस्व संकलन

| क्र.सं. | हाल संचालनमा रहेका उद्योग | राजस्व संकलन | | | कैफियत |
|---|---|---|---|---|---|
| | | दर | प्रकार (बिक्रि कर, वातावरण शुल्क आदि) | कूल रकम | |
| १. | क्रसर | | | | |
| २. | फिरफिरे | | | | |
| ३. | साधारण निर्माण मुखी खानी | | | | |
| ४. | ढुगा गिट्टी बालुवा संग सम्बन्धित अन्य उद्योग | | | | |
| | कुल | | | | |